वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४५ अंक ३५ २०८३ जेठ १० गते आइतबार, नेपाल सम्वत् ११४६ May 24, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमूलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह

# व्यास नगरपालिका : उत्पादनमुखी र दीर्घकालीन योजनामा केन्द्रित बजेट ल्याउन सुझाव

## व्यास मूर्ति, क्रिकेट मैदानदेखि पर्यटन र सांस्कृतिक संरक्षणसम्मका योजना समेट्न आग्रह

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले आगामि आर्थिक वर्षको बजेट तथा योजना तर्जुमा सम्बन्धी परामर्श बैठक सम्पन्न गरेको छ । बैठकमा प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट उत्पादनमुखी, जनमुखी र दीर्घकालीन सोचसहित ल्याउनुपर्ने सुझाएका छन् ।

व्यास नगरपालिकाले शुक्रबार आयोजना गरेको बैठकमा बोल्दै सांसद न्यौपानेले जनताको करबाट संकलित रकम जनहितमै खर्च हुनुपर्ने उल्लेख गरे । उनले खर्च धान्ने मात्रै नभई नगरको भविष्य निर्माण गर्ने खालको योजनामुखी बजेट आवश्यक रहेको बताए ।

'व्यास नगरपालिकाले आफ्नै ब्राण्डका उत्पादन विकास गर्नुपर्छ', उनले भने, 'टुक्रे विकासको अन्त्य गरेर ठूला तथा प्रभावकारी योजनामा लगानी गर्न आवश्यक छ ।' उनले बजेट जनमुखी, उत्पादनमुखी र पारदर्शी हुनुपर्नेमा जोड दिँदै स्थानीय उत्पादन, रोजगारी सिर्जना तथा आर्थिक गतिविधि बढाउने योजनालाई प्राथमिकतामा राख्न आग्रह गरे ।

उक्त बैठकमा डा. जगदीशचन्द्र पोखेलले दीर्घकालीन योजनामा आधारित भएर बजेट लगानी गर्नुपर्ने धारणा व्यक्त गरे । उनका अनुसार तत्काल लोकप्रिय देखिने तर दीर्घकालीन प्रतिफल नदिने योजनाभन्दा नगरको समग्र



विकासमा योगदान गर्ने योजनामा केन्द्रित हुन आवश्यक छ ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले परामर्श बैठकमा आएका सबै सुझावलाई मनन गर्दै आगामी बजेट निर्माण गरिने बताए । उनले नगरको आवश्यकता, जनताको अपेक्षा र दीर्घकालीन विकासलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम तयार गरिने प्रतिबद्धता जनाए ।

### व्यास मूर्ति निर्माणलाई तीव्रता दिन आग्रह

यस्तै, व्यास प्रज्ञा प्रतिष्ठान कला संस्कृति विभागका संयोजक देवि बहादुर बस्न्यातले नगरको पहिचानसँग जोडिएका धार्मिक, सांस्कृतिक तथा पूर्वाधार योजनाहरु आगामी बजेटमा समावेश गर्न आग्रह गरेका छन् ।

उनले नगरको गौरवको आयोजनाका रूपमा अघि सारिएको व्यास मूर्ति निर्माण कार्यलाई उच्च प्राथमिकता दिन आग्रह गरे । उनले आगामी भदौ महिनाभित्र आधार संरचनाको एकतला निर्माण सम्पन्न गरी १०८ फिट अग्लो व्यास मूर्ति निर्माण कार्य अगाडि बढाउनुपर्ने सुझाएका छन् ।

### ऐतिहासिक सम्पदा र पर्यटन विकासमा जोड

बस्न्यातले नगरभित्र रहेका पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रचारप्रसारमा विशेष ध्यान दिनुपर्ने उल्लेख गरे । धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटनको सम्भावना बोकेका क्षेत्रहरूको पहिचान गरी योजनाबद्ध रूपमा पर्यटन पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो ।

बाँकी तेश्रो पेजमा

# शुक्लागण्डकीमा कृषि कार्यक्रमहरूको संयुक्त अनुगमन

**भञ्ज्याङ समाचारदाता/दमौली**

कृषि विकास कार्यालय तनहुँको संयोजकत्वमा शुक्लागण्डकी नगरपालिकामा सञ्चालित विभिन्न कृषि कार्यक्रमहरूको संयुक्त स्थलगत अनुगमन तथा निरीक्षण गरिएको छ । तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी, कृषि विकास कार्यालय तनहुँका प्रमुख तरकारी बाली उत्पादन प्रवर्द्धन कार्यक्रमहरूको प्रभावकारिता, प्रगति तथा उपलब्धिबारे स्थलगत निरीक्षण गरिएको कार्यालयका सूचना अधिकारी किरन परियारले जानकारी गराए ।

यसैक्रममा विगतमा मौरी पकेट तथा ब्लक कार्यक्रम सञ्चालन भएको दगाम क्षेत्रको समेत अवलोकन गरिएको थियो । उक्त



परशुराम अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी दिपक रेग्मी, अनुसन्धान निर्देशक मनोज ढकाल लगायत कृषि विकास कार्यालयका अधिकृत लगायतको टोलीले संयुक्त अनुगमन गरेको थियो ।

टोलीले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत सञ्चालन भएका कृषि उद्यम विकास कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम तथा क्षेत्रबाट उत्पादन हुँदै आएको "महरानी" ब्रान्डको मह अन्तर्राष्ट्रिय बजारमा समेत परिचित बन्दै गएको बताइएको छ ।

अनुगमनका क्रममा कृषि कार्यक्रममार्फत स्थानीय कृषकको आयआर्जन वृद्धि, उत्पादन विस्तार तथा व्यावसायिक कृषिमा सकारात्मक प्रभाव परेको सरोकारवालाहरूले बताएका छन्।

# नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोग: रोगको जोखिमलाई घटाउने उपाय 'पेन-डी प्याकेज'

नेपालमा नसर्ने रोगहरु (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ । साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ । यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन् ।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको 'नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८-२०८२)' अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बीचमै अकाल मृत्युको जोखिममा छन् ।

पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन् । यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय




तनहुँको बन्दीपुर गाउँपालिका-६ स्थित धरमपानी स्वास्थ्य चौकीमा सेवाग्राहीलाई नियमित खोप सेवा दिंदै स्वास्थ्यकर्मी । स्वास्थ्य चौकीले सरसफाई सेसन र वृद्धि अनुगमन सेवा समेत सञ्चालन गर्दै आएको छ । *तस्विर : भञ्ज्याङ*

सुधार ल्याउन सकेको छैन ।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु-दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ । हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ । सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ ।

अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक-पटक प्रभावित बनाइरहेको छ । नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरु झन् प्राणघातक बन्न सक्छन् । यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ ।

विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह 'पेन-डी प्याकेज' तयार गरिएको हो । यो 'प्याकेज'ले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ । नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको 'अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज' (डब्लुएचओ-पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ।

'पेन-डी प्याकेज' ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र 'प्रोटोकल'लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ । यसले नियमित स्वास्थ्य प्रणाली अवरूद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरु उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ । नयाँ 'क्लिनिकल' मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ ।

साथै, विपद्अघि, विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुऱ्याउँछ।

बाँकी अन्तिम पेजमा

# वाम आन्दोलनको नयाँ पुनर्गठन: इतिहासको समीक्षा र भविष्यको कार्यदिशा

नेपालमा वाम कम्युनिस्टहरु सधैं क्रान्तिका साधन बने । त्याग, बलिदान र समर्पणका कीर्तिमान बने। वाम आन्दोलनले देशको राजनीतिक, सामाजिक र वर्गीय चेतनाको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको इतिहास हाम्रो सामु ताजै छ ।

राणा शासनका विरुद्धको संघर्षदेखि पञ्चायतविरुद्धको आन्दोलन, जनयुद्ध र जनआन्दोलन हुँदै गणतन्त्र स्थापनासम्म निर्णायक योगदान पुऱ्याएको छ। सामन्तवाद, शोषण र विभेदका विरुद्ध नेपाली जनतालाई संगठित बनाएर आन्दोलित गर्ने मुख्य भूमिका वाम पार्टीहरुले नै गर्न सकेका हुन् ।

यति ठुलो त्याग, तपस्या र बलिदानको कीर्तिमानको ऐतिहासिकता बोकेको वाम आन्दोलन आज गम्भीर वैचारिक संकट, नेतृत्वको स्वेच्छाचारी संकट, संगठनात्मक अराजकता र जनताको अविश्वासबाट गुज्रिरहेको छ । वाम आन्दोलन संकटको नयाँ कोर्समा प्रवेश गरेको कारण वैचारिक, नीति सिद्धान्त, नेतृत्व प्रणाली र संगठनात्मक पुनर्गठन अनिवार्य बन्न पुगेको छ । यो आलेखमा हामी यही विषयमा चर्चा गर्ने छौं ।

**वाम आन्दोलनका सकारात्मक योगदान**

नेपालका वामपन्थी शक्तिहरुले जनतालाई राजनीतिक चेतना दिने काम गरे । मजदुर, किसान, उत्पीडित समुदाय, महिला, दलित, जनजाति लगायतका वर्गहरुलाई अधिकारको निम्ति संगठित र आन्दोलित गरे। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशी राज्य व्यवस्था, धर्मनिरपेक्षता र गणतन्त्रात्मक संविधान निर्माणमा ऐतिहासिक पहलकदमी लिए । त्यसै गरी शिक्षा, स्वास्थ्य, अधिकार, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताका पक्षमा जनतालाई एकताबद्ध गर्दै संघर्षहरु गरे । नेपालका कुनै पनि राजनीतिक परिवर्तन वाम आन्दोलनबिना सम्भव भएको छैन ।

**कमजोरी र असफलताको समीक्षा**

वाम आन्दोलनले आफ्नो ऐतिहासिक जिम्मेवारी अनुसार समाजवादी रुपान्तरणको स्पष्ट धारणा निर्माण गर्न सकेन । आन्दोलन केवल सत्ता र शक्ति केन्द्रित बन्दै गयो, कुर्सीमा पुगेपछि जनता बिर्सने गर्दा जनतासँगको सम्बन्ध कमजोर बन्दै गयो। विचारभन्दा गुट, सिद्धान्तभन्दा पद, संगठनभन्दा व्यक्तिगत स्वार्थ हावी हुन थाले । नेतृत्वमा आलोचना सहन नसक्ने सामन्ती प्रवृत्ति बढ्यो । युवापुस्तालाई अवसरहरुबाट वञ्चित गर्दै जाँदा पार्टी र आन्दोलनहरु वृद्ध नेतृत्वको घेरामा मात्र सीमित बन्न पुग्यो । पार्टीहरु वृद्धाश्रम जस्ता भए। जनताको परिवर्तनको आशा बालुवामा पानी खन्याए जस्तो बन्यो । उल्टो भ्रष्टाचार, तस्करी, दलाली, अवसरवाद र कुर्सी मोहले वाम आन्दोलन र पार्टीहरुलाई तहसनहस बनाए ।

कम्युनिष्ट नेताहरु र पार्टीभित्र नै वैचारिक स्पष्टता देखिएन । समाजवादको बहसभन्दा चुनावी गणित र शक्ति संघर्ष प्रमुख बन्न पुग्यो । यिनै कारण वाम आन्दोलन विघटन हुँदै हुँदै आज विसर्जनको डिलमा उभिएको छ । केही मान्छे रहनु मात्र पार्टी हुनु होइन, सैद्धान्तिक मान्यता, संगठनात्मक विधि र कमजोर वैचारिकीका कारण दिनानुदिन विघटन भइरहेको वाम आन्दोलनले इमानदार नेता-कार्यकर्ता र कम्युनिष्टप्रेमी जनतामा निराशा पैदा गरेको छ ।

**नयाँ पुनर्गठनको रोडम्याप**

**१. नयाँ विचारको विकास वाम पुनर्गठनको आधार-** नयाँ विचारको निर्माणको अर्थ सिद्धान्त त्याग्नु कदापि होइन, बरू त्यसलाई वस्तुगत धरातलसँग जोड्नु हो । समाजको चरित्र र गतिलाई सही रुपमा पकड्नु हो । आज कम्युनिष्ट आन्दोलन गम्भीर वैचारिक मोडमा उभिएको छ । मूलत: वैचारिक अलमलले कम्युनिष्ट संगठनहरु भताभुङ्ग भएका छन् । यस्तो अवस्थामा केवल पार्टी एकता वा नेतृत्व परिवर्तनले मात्र आन्दोलन पुनर्जीवित नहुन सक्छ, यसको लागि नयाँ विचारको विकास अनिवार्य बन्न जान्छ । रुढिवाद र जड विचारले समाजलाई गति पैदा गर्न सक्दैन । पुराना नाराहरुमा आजको समाज आकर्षित बन्न सकेन भन्नुको अर्थ पुराना विचारहरुलाई पनि समाजले स्वीकार नगरेको हो ।

वामपन्थी कम्युनिष्टहरुलाई जोड्न सक्ने विचारको निर्माण पुराना मान्यताहरु नभत्काएसम्म सम्भव छैन । आज कोही अब्बल दर्जाको क्रान्तिकारी कोही दक्षिणपन्थी, यो स्लोगनको अन्त्य भइसकेको छ। हामी कुनै पार्टी वा नेता बनेर होइन, कम्युनिष्ट बनेर सोचौं, समाजवादी बनेर सोचौं । नयाँ अध्ययन अनुसन्धान गरौं, मौलिक नेपाली विचारको निर्माण गरौं । विश्वभर निर्माण भएका मालेमावादी सिद्धान्त होऊन् वा अरु दार्शनिकहरु, सबैको सम्मान गर्दै सकारात्मक कुराहरु ग्रहण गरौं । हामी हाम्रो आफ्नै वैचारिक धरातल खडा गरौं, मात्र वाम कम्युनिस्टहरु नयाँ ठाउँमा आउने आधार बन्न सक्छ ।

**२. जनआधारित र अनुशासित संगठन-** नयाँ वाम संगठन केवल चुनाव केन्द्रित संरचना मात्र होइन, समाज रुपान्तरणको जीवित शक्तिको रुपमा व्यक्त हुनुपर्दछ । संगठन गाउँदेखि सहरसम्म जनताको जीवनसँग जोडिएको हुनुपर्दछ । संगठनभित्रको जनवाद, पारदर्शिता र कार्यसम्पादनलाई बलियो गरी पक्रेको हुनुपर्दछ । गुट, व्यक्तिवाद र दासत्वको अन्त्य गरी नीति विचारको आधारमा संगठनहरु व्यक्त हुनुपर्दछ। युवापुस्ता, श्रमिक, किसान, विद्यार्थी र बुद्धिजीवीहरुलाई क्षमता, योग्यता र योगदानको आधारमा नेतृत्व विकास गर्ने कुरामा स्पष्ट प्रणाली निर्माण गरिनुपर्दछ । विज्ञान र प्रविधिको विकास अनुरुप आधुनिक संगठनात्मक परिचालन शैली अपनाउन आवश्यक छ ।

**३. नेपालीपन र समाजवादी कार्यक्रम-** पुराना भद्दा अरु देशका नक्कल होइन, नेपाली समाजको यथार्थता बोकेको विचार निर्माण गर्न जरुरी छ । समाजवाद र क्रान्ति केवल कार्यकर्ता र जनतालाई भुक्याउन अलमल्याउन नाराको रुपमा व्यक्त गर्ने होइन, जनताको दैनिक जीवनमा व्यक्त हुने आर्थिक र सामाजिक कार्यक्रम बनाउनु पर्दछ । रोजगारी, शिक्षा, कृषिको आधुनिकीकरण, स्वास्थ्य प्रविधि र राष्ट्रिय अर्थतन्त्रको विकासलाई केन्द्रमा राखेर नयाँ आर्थिक दृष्टिकोण निर्माण गर्न जरुरी छ ।

विचारमा रुढिवाद र जडता होइन, आजको समाजको चरित्र अनुरुपको व्यावहारिक, विकसित र वैज्ञानिक विचारको निर्माण गर्न जरुरी बन्न गएको छ । मार्क्सवादको मूल मर्म वर्गीय मुक्ति र समानताको कुरा हो, यसलाई पनि आजको समाजको विकास र आवश्यकता अनुरुप विकास र व्याख्या गर्न जरुरी बनेको छ।

**४. सामूहिक नेतृत्व प्रणाली-** नेतृत्व आन्दोलनको दिशा निर्धारण गर्ने शक्ति हो तर हाम्रा अभ्यासहरु व्यक्ति केन्द्रित भएका छन् । एउटै व्यक्तिको वरिपरि पार्टी घुम्ने तरिकाले संस्थागत नेतृत्व प्रणाली रोकिएको छ। नेताले पढेका, भनेका, जानेका र सुनेका कुराहरु अरु कार्यकर्ता जति योग्य, सक्षम भए पनि नेताकै कुरा सही मान्नुपर्ने बाध्यता हाम्रो नियति बनेको छ । अब सामूहिक नेतृत्व प्रणाली, उचित जिम्मेवारीको बाँडफाँड र आवधिक कार्यकालको निर्माण गर्न जरुरी बनेको छ । मृत्युसम्म पनि आफैँले नेतृत्व गरिरहने, हस्तान्तरण र पुस्तान्तरणको कुरा उठ्दा पार्टीहरु विभाजन गर्न तयार हुने तर नेतृत्व त्याग्न तयार नहुने प्रवृत्ति नेपालका पार्टीहरुको वास्तविक नियति हो । यसलाई बदल्न अनिवार्य छ । नेता शासक होइन, सेवक हो । जनताको सेवा गर्नु उसको धर्म हो भन्ने संस्कृतिको स्थापना गर्न जरुरी छ । आदर्श, नैतिकता र जनउत्तरदायित्व नेतृत्वका मापदण्ड बनाउन जरुरी छ ।

**५. आन्दोलनको मुख्य आधार जनसम्बन्ध-** जनताको समर्थनबिनाको आन्दोलन धेरै दिन टिक्न सक्दैन । आज धेरै पार्टीहरु चुनावमा मात्र जनता सम्झने अवस्थामा छन् । जनतालाई भोट बैंक बनाउने र नेताले आफ्नो दुनो सोझ्याउने स्थितिको अन्त्य गरिदिनु पर्दछ । यो अवस्थाले नेपालका वाम पार्टीहरु यो संकटमा पुगेका हुन् । जनताको दैनिक जीवन, बेरोजगारी, महँगी, शिक्षा, स्वास्थ्य, कृषि, वैदेशिक पलायन, श्रम शोषण जस्ता प्रश्नहरुसँग पार्टी र नेता अनिवार्य जोडिनु पर्दछ । जनताको बीचमा राजनीतिक शिक्षा, सामाजिक सेवा र अधिकारको संघर्षको संस्कृति निर्माण गर्नु पर्दछ । प्रचारको निम्ति मात्र होइन, वास्तविक जीवनमा उपस्थित हुने आन्दोलनको उठान जरुरी भएको छ ।

**६. भूराजनीति र अन्तर्राष्ट्रिय सम्बन्ध-** नेपाल दुई ठुला शक्ति चीन र भारतको बीचमा रहेको संवेदनशील देश हो । चीन विश्वशक्तिको प्रतिस्पर्धामा छ भने भारत पनि आर्थिक र प्रविधिमा सन्तुलित विकासको अवस्थामा छ। त्यसैले नेपालको वाम आन्दोलनले राष्ट्रिय स्वाधीनता, सन्तुलित कूटनीति र राष्ट्रिय हितलाई प्रमुख विषय बनाउन जरुरी हुन्छ । कुनै पनि वैदेशिक शक्ति केन्द्रको प्रभावमा होइन, नेपालको हित अनुरुप विश्वसँगको सम्बन्ध विस्तार र विकास गर्न जरुरी छ । विश्व राजनीति बहुध्रुवीय बन्दै गएको अवस्थामा सन्तुलित कूटनीति, आर्थिक सहकार्य र राष्ट्रिय स्वाधीनताको नीति मजबुत बनाउन आवश्यक हुन्छ । त्यस्तै विश्वभर भइरहेका समाजवादी वाम आन्दोलन र सत्ताहरु सँगको सहकार्य, श्रमिक अधिकार, जलवायु, न्याय र शान्तिको पक्षमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता पनि आवश्यक रहन्छ ।

**७. नयाँ वाम आन्दोलनको आधार : विज्ञान र प्रविधिको प्रयोग-** आजको विश्वले डिजिटल युगमा प्रवेश गरिसकेको छ । कुनै पनि राजनीतिक आन्दोलन, राज्य व्यवस्था वा अर्थतन्त्र विज्ञान र प्रविधिको प्रयोगबिना अगाडि बढ्न सक्दैन। जसले आजको विज्ञान र प्रविधिलाई सही रुपमा प्रयोग गर्न सक्दछ, उही शक्ति मात्र विजयी हुन्छ । नेपालको वाम आन्दोलनलाई युग सुहाउँदो बनाउन वा विजयी बनाउन विज्ञान र प्रविधिलाई मुख्य आधार बनाउने पर्दछ । नेपालका राजनीतिक शक्तिहरुले प्रविधिलाई केवल प्रचारको विषय मात्र बुझे, तर यसलाई उत्पादन, शिक्षा, कृषि, स्वास्थ्य, रोजगारी, अवसर र समाज रुपान्तरणमा स्पष्ट रुपमा जोड्न सकेनन् । परिणामत: युवा शक्ति विदेश पलायन हुन पर्यो र देशको उत्पादन प्रणाली कमजोर बन्यो । अबको वाम शक्तिले समाजवादलाई व्यवहारमा लागू गर्न विज्ञान र प्रविधिलाई जीवनसँग जोड्नु पर्दछ । कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ, कृषि अनुसन्धान र कृषि उद्योगको रुपमा जोड्न जरुरी छ। शिक्षा प्रणाली केवल प्रमाणपत्रमुखी होइन, प्रविधिमैत्री र उत्पादनमुखी बनाउन जरुरी छ । सूचना प्रविधिमा कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल अर्थतन्त्र, अनुसन्धान र नवप्रवर्तनमा राज्यले लगानी बढाउनु पर्दछ। युवाहरुलाई विदेश पलायन गर्नुभन्दा देश भित्र नै प्रविधि र उद्यम मार्फत अवसरहरु सिर्जना गर्ने नीति निर्माणमा जोड दिनु पर्दछ। हामीले विज्ञानलाई केवल प्रयोगशालाको विषय मात्र बुझ्ने गर्दछौं, यो प्रयोगशालामा सीमित विषय मात्र होइन, यो त समाज रुपान्तरणको शक्ति मान्नु पर्दछ । २१औं शताब्दीको वाम आन्दोलन ज्ञान, प्रविधि, उत्पादन र वैज्ञानिक चेतनाबाट मात्र बलियो बन्न सक्छ । विज्ञान र प्रविधिलाई आत्मसात् गर्न नसक्ने आन्दोलनले आजको समाजको नेतृत्व गर्न सक्दैन ।

**निष्कर्ष**

आज कम्युनिष्ट आन्दोलन इतिहासकै संकटपूर्ण मोडमा आएर उभिएको छ । पुराना नारा र नीतिहरुले मात्र आजको जनताको मन जित्न सक्दैन । इतिहासप्रति इमानदार बनेर समीक्षा गरौं, विचारमा स्पष्टता कायम गरौं, सक्षम र योग्य नेतृत्व चयन गरौं । जनतासँगको सम्बन्ध गहिरो बनाऔं, आधुनिक कम्युनिष्ट पार्टी, विज्ञान प्रविधिलाई बुझेको आजको समाजको चरित्र बुझेको सिङ्गै देशलाई नेतृत्व प्रदान गर्न सक्ने पार्टी निर्माण गरौं । हाम्रा घमण्ड, अहंकार सबै त्यागौं, आजका सबै कम्युनिष्ट नामका पसलहरु बन्द गरौं, नयाँ आधुनिक वाम पुनर्गठन गरौं । नत्र हामी कसैलाई इतिहासले माफी दिने छैन । रातोपाटीबाट



चन्द्र खड्का 'असल'

- नेपालको वाम आन्दोलनले राणा शासनदेखि गणतन्त्र स्थापनासम्म निर्णायक योगदान पुर्‍याएको छ।
- तर आज यो आन्दोलन वैचारिक संकट, नेतृत्वको स्वेच्छाचारी संकट, संगठनात्मक अराजकता र जनताको अविश्वासबाट गुज्रिरहेको छ।
- नयाँ वाम पुनर्गठनका लागि नयाँ विचारको विकास, जनआधारित संगठन, नेपालीपन र समाजवादी कार्यक्रम, सामूहिक नेतृत्व, जनसम्बन्ध, भूराजनीति र विज्ञान प्रविधिको प्रयोग अनिवार्य छ।

## तपाईंको आज

**मेष**: आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**वृष**: अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

**मिथुन**: आफ्ना काममा अरुको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरु गर्ने समय छ ।

**कर्कट**: आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

**सिंह**: बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**कन्या**: टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला**: प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**वृश्चिक**: बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**धनु**: प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरुले काममा साथ दिनेछन् ।

**मकर**: पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

**कुम्भ**: पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

**मीन**: पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।

# व्यास नगरपालिका : उत्पादनमुखी र .....

उनले पर्यटन क्षेत्रको दीर्घकालीन विकासले नगरको आर्थिक गतिविधि बढाउने, स्थानीय रोजगारी सिर्जना गर्ने र नगरको पहिचानलाई राष्ट्रियस्तरमा स्थापित गर्न सहयोग पुग्ने धारणा व्यक्त गरे ।

**क्रिकेट मैदान निर्माणको प्रस्ताव**

विश्वभर क्रिकेट खेलप्रति बढ्दो आकर्षणलाई मध्यनजर गर्दै व्यास-११ फराकचौरको कोलढुंगा क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्न तर्फ ध्यानदिनुपर्ने उनले सामाजिक सञ्जाल मार्फत नगरपालिकालाई आग्रह गरेका छन्।

स्थानीय खेलकुद विकाससँगै खेल पर्यटन प्रवर्द्धनका लागि समेत यस्तो पूर्वाधार आवश्यक रहेको सहभागीहरूको भनाइ थियो । उनीहरूले आधुनिक खेल मैदान निर्माणले युवाहरूलाई खेलतर्फ आकर्षित गर्नुका साथै राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

**शिक्षा, रोजगार र पूर्वाधार विकासमा प्राथमिकता**

शिक्षा, सिंचाइ, रोजगार तथा यातायात पहुँच विस्तारलाई पनि आगामी बजेटको प्रमुख प्राथमिकतामा राख्नुपर्ने सुझाव प्रस्तुत गर्दै बैठकमा सहभागिहरूले ग्रामीण क्षेत्रसम्म सडक पहुँच, कृषि उत्पादन वृद्धि, सिंचाइ विस्तार तथा युवालाई स्वरोजगारसँग जोड्ने योजनाहरु प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने धारणा राखिएको थियो ।

**प्रादेशिक पूर्वाधार विकास क्षेत्र घोषणा गर्न माग**

स्थानीय तहको सन्तुलित विकासका लागि वडा विभाजनअनुसार विभिन्न क्षेत्रलाई प्रादेशिक पूर्वाधार विकास क्षेत्र घोषणा गर्नुपर्ने प्रस्ताव समेत अघि सारिएको छ ।

प्रस्तावअनुसार व्यास-६, ७, ८ र ९ लाई "बखान प्रादेशिक पूर्वाधार विकास क्षेत्र", व्यास-१ देखि ५ सम्मलाई "व्यास प्रादेशिक पूर्वाधार विकास क्षेत्र", व्यास-१०, ११ र १२ लाई "तनहुँ प्रादेशिक पूर्वाधार विकास क्षेत्र" तथा व्यास-१३ र १४ लाई "मु-कुलुङ प्रादेशिक पूर्वाधार विकास क्षेत्र" घोषणा गर्न सुझाव दिइएको छ ।

**विभूति तथा सहिद ग्राम निर्माणको प्रस्ताव**

यसैबीच राष्ट्रिय तथा स्थानीय विभूति एवं सहिदहरूको सम्मानमा "विभूति तथा सहिद ग्राम" निर्माण तथा व्यास, भानु र बखान क्षेत्रलाई समेटेर "त्रिवेणी पार्क" निर्माण कार्यक्रम अघि बढाउनुपर्ने माग समेत गरिएको छ । साथै व्यास नदीको मुहान रामचे क्षेत्रलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने आवाज पनि उठाइएको थियो । सहभागीहरूले यी योजनाहरूले व्यास नगरपालिकाको पहिचान, पर्यटन प्रवर्द्धन, खेलकुद विकास तथा समग्र आर्थिक समृद्धिमा दीर्घकालीन योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## दमौली बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन सम्बन्धी सूचना

व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको संयोजकत्वमा व्यास नगर क्षेत्रको ट्राफिक व्यवस्थापन एवं वजार सुरक्षा सम्बन्धमा मिति २०८३/०२/०५ गते व्यास नगरपालिका सभा कक्षमा बैठक सम्पन्न भयो। उक्त बैठकमा व्यास नगर उप-प्रमुख, तनहुँका प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय तनहुँ प्रमुख, वडा नं. २,३,४ का वडाध्यक्षहरू, उद्योग वाणिज्य संघका प्रतिनिधी, पृथ्वी राजमार्ग पूर्वी सडक आयोजना प्रतिनिधी, पृथ्वी राजमार्ग यातायात व्यवसायी समितिको प्रतिनिधी, स्थानीय यातायात व्यवसायी प्रतिनिधी, व्यास भूमि यातायात व्यवसायी प्रतिनिधी, अटो व्यवसायी समितिको प्रतिनिधी, पत्रकार लगाएतका प्रतिनिधीहरूको उपस्थितिमा भएका निर्णयहरू सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ।

१. तनहुँ जिल्लाको सदरमुकाम दमौली वजारमा जथाभावि गाडी, मोटरसाईकल पार्किङ गरी अस्तव्यस्त भएको वजार सुरक्षाका लागि राखिएका CCTV क्यामेरा, जेब्रा क्रसिङ फूटपाथ व्यवस्थापन समेतमा विस्तृत समिक्षा गरियो।

२. वजार सुरक्षाका लागि CCTV क्यामेराको मर्मत गर्ने र आवाश्यक स्थानमा राख्ने कार्यमा नगरपालिकाले जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी खर्च व्यवस्थापन गर्ने, दमौली भित्रका CCTV क्यामेराको निगरानी गर्न जिल्ला प्रहरी कार्यालय बाटै गर्ने गराउने निर्णय गरियो।

३. व्यास नगरपालिका वडा नं. २,३ र ४ को सिमानावाट काठमाण्डौ पोखराको पृथ्वी राजमार्ग पुनः निर्माण भई सर्भिस लेन समेतको निर्माण व्यवस्थापन मिलाउने, सफा सडक समेतको पार्किङ व्यवस्थापन गर्ने समेतका लागि २०८३/०२/१० गते देखि लागु हुने गरी १५ दिनसम्म परक्षणका लागि निम्नानुसार गर्ने गरी सर्व-सम्मत निर्णय गरियो।

क) सफा सडकमा दुई तर्फि वाटो चालु हुने हुदाँ सवै सवारी साधनको पार्किङ निषेध गर्ने। विकल्पमा शाखा सडक, चोक, नगरपालिकाको पार्किङ ग्राउण्ड, अनशन चौतारी क्षेत्रमा निःशुल्क व्यवस्थापन गर्ने। पृथ्वी राजमार्ग तर्फः-

ख) व्यास ४ भोर्लेटार चोक सबलेनमा परेवा डाँडा सम्म चल्ने म्याजिक, दुईपिप्ले शिसाघाट सम्म चल्ने ४ पाङ्ग्रे मिनिबस. पुलिमर्‍याङ चल्ने बस लगाष्त लम्जुङको भोर्लेटार, सोतिपसल, जिता, कुन्छा चल्ने ठूला सवारीहरूलाई आउँदा बाघभञ्ज्याङ हुँदै सिमलटार तिर बाट बसपार्कमा आउने र जाँदा चौतारी होटल चोकमा १/१ वटा लाई १५/१५ मि. बरन दिने।

ग) भोर्लेटार चोक स्थित राजमार्गमाः दमौली देखि काठमाण्डौ चल्ने माईक्रो र दमौलीदेखि मुग्लिनसम्म चल्ने बस बसपार्कमा पठाउने र जाने वेला ५ मि. PickUp गर्न दिने।

घ) **व्यास २ स्थित भोर्लेटार चोक राजमार्गमाः** काठमाण्डौ लगाएत अन्य विभिन्न पूर्वी खण्डवाट आउने छोटो तथा लामो दुरीका सवै सवारीलाई यात्रु चढाउने र ओराल्ने गरी २ मि. एष्अपग्ए/म्चयउ गर्न समय दिने।

ङ) **व्यास २ भोर्लेटार चोक नमुना टोल सवलेनमाः** स्थानीयको साना सवारी, तालघरे, डिहिगाँउ, घाँसीकुवा हुँदै व्यास १० र ११ का विभिन्न स्थानमा छुट्ने म्याजिक तथा वस क्यू थाप्ने गरि बसपार्क पठाउने र जाने वेलामा १/१ वटालाई मात्र आउन दिई २ मि. पिकअप गर्न दिने।

च) **ट्राफिक चोकमाः** स्थानीय यातायातका दमौली पोखरा चल्ने माइक्रो, ट्याक्सी क्यू थाप्ने गरेकोमा अबदेखि ११ वटा मात्र क्यू थाप्न दिने बाँकी वसपार्क पठाउने।

छ) **व्यास ३ साँगे चोकमाः** तरकारी लाईनको पूर्व तर्फ दमौली पोखरा चल्ने बस क्यू थाप्ने गरि पश्चिम तर्फबाट व्यास ५१६ का विभिन्न स्थानमा चल्ने म्याजिक र ठूला सवारी साधनलाई अबदेखि १/१ वटा मात्र दुर्गा मन्दिर पश्चिम क्यू थाप्ने गरी पठाउने र अरू बसपार्क पठाउने।

ज) **भित्री बजार तर्फः** व्यास ३ न्यूरोड व्यास नगरपालिकाको कार्यालयको भवन दक्षिण तर्फ पछाडीबाट रिसिङ, घिरिङ चल्ने जीप र माछापुच्छ्रे बैंक अगाडीबाट ठूला सवारी १/१ वटा मात्र क्यू थाप्न दिने वाँकी वसपार्कमा पठाउने।

झ) व्यास २ गणेशमान चोकमा छाब्दी बाराही जाने म्याजिक लगायत व्यास १३ र १४ तर्फ जाने ठूला सवारी १/१ वटा मात्र क्यू थाप्न दिने र बाँकी बसपार्कमा पठाउने ।

ञ) अटोलाई उल्लेखित चोकहरूमा २/२ वटा र अनशन चौतारी चोकमा २ वटा मात्र राख्न दिने वाँकी वसपार्कमा पठाउने।

ट) बाँकी बस, माईक्रो, जीप, ट्याक्सी, अटो सबै वसपार्क लैजाने र हाईवेको सर्भिस लेनमा मोटरसाईकल लगायत दुईपाङ्ग्रे सवारी पार्किङ गर्न नपाईने ।

ठ) कार्यालय र विद्यालय सञ्चालन हुने दिन सोमवारदेखि शुक्रवारसम्म विहान ८:३० बजेदेखि १०:१५ बजेसम्म र साँझ ३:३० देखि ५:१५ बजेसम्म सफा सडक, ग्रिन सिटी टोल हुँदै गणेशमान चोक, अमरापुरी सत्यवती विद्यालय, सरकारी कार्यालय रहने क्षेत्रमा मालवाहाक गाडी, ट्रयाक्टर लगायत हेभी गाडीहरू निषेध गर्ने।

ड) **One Way**: निम्न वमोजिमका सडकहरूलाई एकतर्फी गर्ने। वडा नं. २ को पृथ्वी राजमार्गबाट ग्रिनसिटी टोल हुँदै भेटघाट चोक जाने मात्र वडा नं. ३ तर्फ पृथ्वी राजमार्ग वाट तरकारी लाईन हुँदै महर्षी चोक तर्फ जाने मात्र पुरानो बैंक लाईन न्यूरोड चोकवाट कालिका मार्ग हुदै पृथ्वी राजमार्गमा निस्कने मात्र ४ पाङ्ग्रे गाडीलाई एकतर्फी प्रवेश दिने तर कुनैपनि सवारी पार्किङ गर्न नपाईने । प्रहरी कार्यालयको दक्षिण पश्चिम तर्फको चोकवाट पृथ्वी राजमार्ग दुर्गा मन्दिर तर्फ निस्कने मात्र एकतर्फी गर्ने र सो सडकमा कुनैपनि सवारी पार्किङ गर्न नपाईने।

ढ) मानिस आवत जावत गर्नका लागि सबै पेटीहरू खुला राख्ने कतिपय व्यवसायीहरूले सडक पेटीमा सामान राखि बिक्री गर्ने गरेको पाईएकाले पूर्णत हटाउने।

ण) व्यास १ करङ्काठमा रहेको वसपार्कमा वत्ति व्यवस्थापन, खानेपानी व्यवस्थापन, शौचालय व्यवस्थापन मिलाउने कार्यमा व्यास नगरपालिकाले जिम्मा लिने।

त) पृथ्वी राजमार्ग अन्तर्गत भोर्लेटार चोकका व्यास चोकमा ट्राफिक पोष्ट, CCTV क्यामेरा, वत्ती व्यवस्थापन गर्ने गराउने ।

थ) No Parking सम्बन्धी आवाश्यक सामाग्री व्यवस्थापन नगरपालिका तर्फवाट गरी ट्राफिक प्रहरीलाई दिने।

द) बसपार्कमा टिकट काउण्टरका लागि न.पा.ले भवन कोठा उपलब्ध गराउने।

**प्रमुख प्रशासकीय अधिकृत**

# रास्वपा आँबुखैरेनी गाउँकमिटीको प्रथम अधिवेशन, सभापतिमा श्रेष्ठ चयन

**भञ्ज्याङ समाचारदाता**/दमौली

राष्ट्रिय स्वतन्त्र पार्टी आँबुखैरेनी गाउँकमिटीको प्रथम अधिवेशन शनिबार सम्पन्न भएको छ । अधिवेशनले नयाँ नेतृत्व चयन गर्दै संगठन विस्तार तथा जनसरोकारका विषयमा सक्रिय रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

अधिवेशनबाट राम श्रेष्ठ सभापतिमा निर्वाचित भएका छन्। त्यसैगरी खुलराज गुरूङ उपसभापति, प्रकाश श्रेष्ठ सचिव, भक्त बहादुर गुरूङ सह-सचिव तथा सबिता भट्टराई कोषाध्यक्षमा निर्वाचित भएको बताइएको छ । सदस्यहरूमा प्रेम कुमार श्रेष्ठ, राजेश श्रेष्ठ, किसान श्रेष्ठ, तुलसी पौडेल खनाल, सम्झना सुनार तथा हरिभक्त पन्त चयन भएका छन् ।



त्यस्तै जिल्ला प्रतिनिधिमा पुष्प कुमार श्रेष्ठ, गीता लामिछाने, अर्जुन बगाले र ज्ञानेन्द्र थापा क्षेत्री निर्वाचित भएका छन् भने, प्रदेश प्रतिनिधिमा गोबिन्द प्रसाद खनाल र बालकृष्ण मिश्र चयन हुँदा महाधिवेशन प्रतिनिधिमा सुमन बगाले निर्वाचित भएका छन् ।

अधिवेशनमा सहभागी वक्ताहरूले गाउँपालिकामा पार्टी संगठनलाई थप सशक्त बनाउँदै सुशासन, पारदर्शिता र जनउत्तरदायी राजनीतिक अभ्यासलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा




# भिरबाट लडेर मृत्यु

**रासस**/गोरखा

यार्सागुम्बा संकलन गर्न गएका गोरखाका एक जना युवाको भिरबाट लडेर मृत्यु भएको छ । आफ्ना दाजुभाइसँग यार्सा टिप्न गएका चुमनुब्री गाउँपालिका-३ पाङसिङका २५ वर्षीय प्रकाश गुरूङको भिरबाट लडेर मृत्यु भएको हो । बुद्ध हिमालको फेदबाट यार्सागुम्बा संकलन गरेर फर्कने क्रममा गत बुधबार भिरबाट लडेर मृत्यु भएको वडासदस्य विकास गुरूङले जानकारी दिनुभयो । प्रकाशको शव गाउँमा ल्याएर शुक्रबार गुरूङ परम्पराअनुसार अन्त्येष्टि गरिएको उहाँले बताउनुभयो ।

"आफ्नै चार दाजुभाइ यार्सागुम्बा टिप्न गएका थिए । प्रकाश अघिअघि हिँडेका रहेछन्", वडासदस्य गुरूङले भन्नुभयो, "तर, साँझमा बास बस्ने ठाउँमा नभेटेपछि खोज्ने क्रममा राति ग्ल्यासियरमा शव फेला परेको हो ।"

## हार्दिक समवेदना



जन्म
२०११-४-१०

स्वर्गारोहण
२०८३-०१-२९

स्व. चिरञ्जीवि श्रेष्ठ

यस विद्यालयका भाइस प्रिन्सिपल विदेश श्रेष्ठका पिताश्री चिरञ्जीवि श्रेष्ठको असामयिक देहावसानले हामी समस्त विद्यालय परिवार स्तब्ध भएका छौं । उहाँको देहावसानको १३औं दिनको तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकको यस दुःखद घडीमा शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि परमेश्वरसँग प्रार्थना गर्दछौं ।

**व्यास दिव्य ज्योति बोर्डिङ स्कुल परिवार**
दमौली, तनहुँ

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ जेठ १० आइतबार May 24, 2026

# प्रतिकूल मौसमले प्रभावित बनायो मह उत्पादन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको शुक्लागण्डकी नगरपालिका-१ थप्रेकका मौरीपालक सुरज वाग्ले यस वर्ष मह उत्पादन घट्ने चिन्तामा हुनुहुन्छ । अघिल्ला वर्षहरूमा यही समयमा मह निकालेर ग्राहकलाई बिक्री गरिसक्ने उहाँ यसपालि भने मौसमकै कारण उत्पादनमा ठूलो गिरावट आउने अनुमान गरिरहनुभएको छ । वर्षौंदेखि मौरीपालन व्यवसायमा सक्रिय वाग्लेले यस वर्ष जेठमा करिब ३०० किलो मह उत्पादन हुने अपेक्षा गर्नुभएको थियो । तर फागुनदेखि सुरू भएको प्रतिकूल मौसमले मौरीको प्राकृतिक गतिविधिमा असर पुर्याएपछि उत्पादन लक्ष्य निकै घटेको उहाँले बताउनुभयो । अहिलेको अवस्था हेर्दा जेठको अन्त्यसम्म करिब १०० किलो हाराहारीमात्र मह उत्पादन हुनसक्ने उहाँको अनुमान छ ।

"पोहोरपरार यही समयमा मह निकालेर ग्राहकलाई वितरण गरिसकेका थियौँ", वाग्लेले भन्नुभयो, "तर यसपालि मौसमले साथ दिएन। फागुन र चैतमा लागेको बाक्लो कुहिरोले मौरीले पर्याप्त मात्रामा फूलबाट रस संकलन गर्न सकेनन् । त्यसपछि वैशाखभरजसो पानी परिरहँदा मौरी घारबाट निस्कनै सकेनन् ।" उहाँका अनुसार मौरीपालन व्यवसाय प्रत्यक्ष रूपमा मौसमसँग जोडिएको व्यवसाय हो । मौसम अनुकूल हुँदा मौरीले फूलबाट रस संकलन गरी मह उत्पादन राम्रो गर्छन् । तर लामो समयसम्म कुहिरो लाग्ने, चिसो बढ्ने वा लगातार पानी पर्ने अवस्था आए मौरी निष्क्रियजस्तै हुने र उत्पादन घट्ने समस्या देखिन्छ । यस वर्ष विशेषगरी फागुन र चैतमा असामान्य रूपमा बाक्लो कुहिरो लागेको उहाँले बताउनुभयो । सामान्यतया यस समयमा विभिन्न वनस्पति तथा जङ्गली फूलहरु फुल्ने र मौरी सक्रिय हुने गर्छन् । तर घाम कम लागेका कारण फूलमा पर्याप्त रस विकास हुन नसकेको तथा मौरीको उडान अवधि घटेको वाग्ले बताउनुहुन्छ ।

त्यसपछि वैशाख महिनाभर परेको लगातार वर्षाले समस्या झन् बढाएको उहाँले बताउनुभयो । मह उत्पादन घटेसँगै बजार व्यवस्थापनमा समेत चुनौती थपिएको वाग्लेको अनुभव छ । दैनिक रूपमा ५० भन्दा बढी ग्राहकले मह कहिले उपलब्ध हुन्छ भनेर सोध्ने गरेको उहाँले बताउनुभयो। सामाजिक सञ्जाल र प्रत्यक्ष सम्पर्कमार्फत ग्राहकले महको माग गरिरहेको भए पनि पर्याप्त उत्पादन नहुँदा तत्काल उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ ।

"धेरै साथीभाइ तथा ग्राहकले जेठ लाग्यो, मह कहिले पाइन्छ भनेर सोधिरहनुभएको छ", उहाँल भन्नुभयो, "उत्पादन हुनेबित्तिकै जानकारी गराउँछु । तर प्राकृतिक अवस्थाले साथ नदिँदा अपेक्षाअनुसार उत्पादन हुन सकेन ।" वाग्लेले आफूले उत्पादन गर्ने मह शुद्ध र प्राकृतिक भएकाले ग्राहकको विश्वास बढ्दै गएको बताउनुभयो । स्थानीयस्तरमै उत्पादन भएको मह स्वास्थ्यका लागि उपयोगी हुने भएकाले माग बर्सेनि बढ्दै गएको उहाँको भनाइ छ ।

मौरीपालन व्यवसायलाई कृषिसँग जोडिएको महत्त्वपूर्ण आयआर्जनको माध्यम मानिन्छ । कम लगानीमा सुरू गर्न सकिने यो व्यवसायले ग्रामीण क्षेत्रका धेरै परिवारलाई आर्थिक रूपमा सहयोग पुर्याउँदै आएको छ । साथै मौरीले परागसेचनमार्फत कृषि उत्पादन वृद्धि गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्ने विज्ञहरु बताउँछन् ।

वाग्लेले सरकारले मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्ने नीति ल्याए पनि मौसमजन्य जोखिम न्यूनीकरणतर्फ थप ध्यान दिनुपर्ने आवश्यकता रहेको बताउनुभयो, "मौरीपालन केवल व्यवसायमात्र होइन, वातावरण र कृषि उत्पादनसँग जोडिएको विषय पनि हो", उहाँले भन्नुभयो, "यसलाई संरक्षण र प्रवर्द्धन गर्न दीर्घकालीन योजना आवश्यक छ ।"

वाग्लेले विदेशमा गर्ने दु:ख स्वदेशमै गरे आम्दानी र सन्तुष्टि मिल्ने आत्मविश्वाससहित मौरीपालन गरिरहनुभएको छ । फूलको रसको मह प्रतिकिलो रू दुई हजार र कटुसको कात्तिके मह प्रतिकिलो रू दुई हजार ५०० मा बिक्री हुँदै आएको उहाँले बताउनुभयो ।

वाग्लेको घरमा पालिएका मौरी कहिलेकाहीँ घार छाडेर भाग्ने गर्छन्। घरदेखि एक दुई किलोमिटर टाढा पुगेका मौरी वाग्लेले खोजेर ल्याउनुहुन्छ। त्यस्तो बेला उहाँले छातीमा टाँसेर मौरी फिर्ता ल्याउने गर्नुभएको छ । बेलाबेलामा मौरी भाग्ने गरेको पुन: फिर्ता ल्याउने गरेको वाग्ले बताउनुहुन्छ। प्रत्येक वर्ष फागुनदेखि जेठ र मङ्सिरमा मौरी छुट्टिने गर्छ । एउटा घारमा भएका मौरी दुई भाग लाग्छन्, त्यतिबेला मौरी उडेर जाने गरेको वाग्ले बताउनुहुन्छ । "अनि यसरी नै फेरि खोजेर ल्याउँछु, मौरी ल्याउने पनि विभिन्न तरिका हुन्छन्", वाग्लेले भन्नुभयो । वाग्लेले मौरीको साथसाथै बाख्रापालन पनि गर्नुभएको छ । "कृषि पेसासँग लगाव बसिसकेको छ, आनन्द आउँछ । कतिपयले युवा भएर पनि के काम गरेको यस्तो पनि भन्थे", उहाँले भन्नुभयो, "तर अहिले मनग्य आम्दानी हुन थालेपछि गाउँलेले पनि राम्रो गरिस् भन्छन् ।" रासस

# नेपालमा मृत्युको प्रमुख ..........

'पेन-डी प्याकेज' मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुन:स्थापनाका गतिविधिसँग जोड्दछ। यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व-हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बीचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ । यसरी 'पेन-डी प्याकेज' ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ ।

विपद् व्यवस्थापन चक्रका सबै चरणमा 'पेन-डी प्याकेज'को भूमिका अत्यन्त महत्वपूर्ण छ । विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ । साथै, बिरामीलाई स्व-व्यवस्थापन र आपत्कालीन 'किट' मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ।

त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई-चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरु सञ्चालन गरिन्छ। सेवा प्रवाहका माध्यममा 'पेन-डी प्याकेज' किट, औषधि, नगद वा नगद-सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरु पनि समावेश गरिएका छन्।

विपद्को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ । बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित 'ट्रिगर' सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ । यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ । साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति श्रृंखलासम्बन्धी सूचकहरु समावेश गरिएका छन् ।

विपद्को समयमा 'मोबाइल क्लिनिक', 'टेलिमेडिसिन', समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ । अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन् । मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक 'रेफरल' प्रणालीसमेत सञ्चालनमा राखिन्छ । विपद्पश्चात् नियमित सेवा पुन:स्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ ।

'पेन-डी प्याकेज'ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ। विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर 'कोही पनि पछाडि नछुटोस्' भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ। समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी-केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ ।

राष्ट्रिय स्तरमा 'पेन-डी प्याकेज'को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो । यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरु पूर्ति गर्दछ । साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ ।

देशव्यापी रूपमा 'पेन-डी प्याकेज' को विस्तारले संघीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ । यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरुको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ।

साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ। 'पेन-डी प्याकेज' नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो । यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबीचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ। यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्को बीच पनि सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

'पेन-डी प्याकेज' स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो । उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

### 'पेन-डी प्याकेज': सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक

नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा 'उत्थानशील नसर्ने रोग: पश्चिम नेपालका विपद्-सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण' कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमको मुख्य उद्देश्य विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नु रहेको थियो ।

दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्को समयमा 'पेन-डी प्याकेज' प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो । विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्यासमार्फत परीक्षण गरिएको थियो । अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो ।

परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन् । भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ । उहाँका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ । उहाँले भन्नुभयो, "नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न पेन डी प्याकेज' प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ ।"

त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले 'रेजिलियन्स नसर्ने रोग उपचार सेवा' परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सरूवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ । उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ । झन् विपद्को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठूलो चुनौती बन्छ । त्यसैले 'पेन डी प्याकेज'लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ । यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ ।" इपिडिमियोलोजी तथ रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगर 'पेन डी प्याकेज' प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो । रासस

facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

कर्मचारीको तलब बढ्नेबित्तिकै महँगी बढ्नै पर्ने हो र ? नेपालमा व्याप्त बुझाइले जुन तहको महँगी बढ्ने 'अपेक्षा' गर्छ, त्यो सही होइन। त्यसै पनि कर्मचारीको तलब सामान्य जीवनयापनका लागि समेत पर्याप्त छैन। त्यसैले यसको 'demand–side' असर निकै सीमित हुनुपर्छ। बरू मिडियादेखि विश्लेषकसम्मले हचुवाका भरमा तलब बढेपछि उत्पात महँगी बढ्छ भन्ने चर्चा गर्दै आउनुले नै कतै 'self–fulfilling prophecy' को काम गरेको पो हो कि?
यो बारेमा बजेट अघि नै सरकारी निकायका विज्ञ अर्थशास्त्रिले आँकडा र विश्लेषण सहित सबैलाई सूचित गराउँदा उपयुक्त होला।



**Saral Suman**
x.com/Saralsuman1

व्यवसाय डुबेर व्यवसायी मर्नु न बोलाउनुको अवस्थामा छन्। व्यवसाय पुनर्स्थापित गर्न राज्यले कुनै सहजीकरण गरेको छैन।
२०७२ को भूकम्प, अनि नाकावन्दी, त्यसपछि लगत्तैको कोरोना, त्यसपछिको विद्रुप विध्वंस, संसारभरका खतरनाक युद्ध, पेट्रोलियम पदार्थ लगायतको चर्को मूल्य वृद्धि, अनि मन्दी... यस्तो विषम परिस्थितिको मूल्यांकन नगरी; ऋणीको नाम सार्वजनिक भन्दै एकमुष्ठ नाम सार्वजनिक गर्नु, ऋण तिर्नभन्दै १५ दिने सूचना राज्यले जारी गर्नुले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ??
के राज्य सबै धितो सकारेर ऋण उठान सक्छ? शक्तिसम्पन्न आयोग बनाएर छानबिन गर्ने, तिर्ने योजना दिनेलाई सहजीकरण गर्ने, व्यवसाय पुनर्स्थापनाको वातावरण बनाउने अनि गलत मनसाय राखेर ऋण अपचलन गर्नेलाई कानूनी दायरामा ल्याउने- बाटो यो हुनुपर्ने.. तर जान्नको सरकार ... के साना, के मझौला, के ठूला: व्यवसाय र व्यवसायी धरासायी भए- नासिए राष्ट्र अझै गम्भीर संकटमा पर्छ। मेरूदण्ड भाँचिदैछ।
यसो सोच्दछु : रेमिट्यान्स आउँदैन थियो भने त मान्छेले मान्छेको मासु खाने अवस्था छ... धन्न बैरो ले धानिदिएको छ।
संस्थागत वा असँगठित: ऋणी व्यवसायी अपराधी होइनन्। यी राज्यका मेरूदण्ड हुन् ..

# होटल व्यवसायी संघको वार्षिक साधारण सभा

भञ्ज्याङ समाचारदाता/दमौली

होटल व्यवसायी संघ तनहुँको शनिबार छैटौँ वार्षिक साधारण सभा सम्पन्न गरिएको छ । संघका अध्यक्ष गिरीबहादुर थापाको अध्यक्षतामा आयोजित साधारण सभालाई सम्बोधन गर्दै होटल कानुनी रूपमा समेत चुक्ने अवस्था छ । त्यसैले तालिम र सचेतनामार्फत व्यवसायीलाई सक्षम बनाउन आवश्यक छ ।'

कार्यक्रममा होटल व्यवसायी महासंघका निवर्तमान केन्द्रीय सदस्य एवं संघका पूर्वअध्यक्ष प्रेमकुमार श्रेष्ठ, शुक्लागण्डकी नगर




उद्योग वाणिज्य संघका अध्यक्ष समुन्द्रराम श्रेष्ठ तथा इलाका प्रहरी कार्यालय बेलचौताराका प्रमुख प्रहरी निरीक्षक धननारायण श्रेष्ठ लगायतले व्यवसायिक एकता र सहकार्यलाई सुदृढ बनाउनुपर्नेमा जोड दिए । व्यवसायी महासंघ गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्ष दुर्गाविलास भट्टराईले होटल व्यवसायलाई मर्यादित र व्यवस्थित पेशाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

'व्यवसायीलाई आवश्यक सचेतनामूलक तालिम प्रदान गरी बालश्रममुक्त तथा खाद्य स्वच्छतायुक्त व्यवसाय सञ्चालन गर्नुपर्दछ', उनले भने, 'ज्ञानको कमीका कारण कतिपय व्यवसायी

वक्ताहरूले व्यवसायीबीचको एकताले आर्थिक गतिविधि विस्तार र स्थानीय विकासमा महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गरे ।

**www.bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४